# कीर्तिपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### कीर्तिपुर, काठमाडौं

# High flow Oxygen आपूर्तिको सिलबन्दी दररेट पेश गर्ने सम्बन्धि सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७७/०८/११)**

यस नगरपालिकाले कोरोना रोकथाम, नियन्त्रण र व्यवस्थापनको लागि आवश्यक पर्ने देहाय बमोजिमका सामग्रीहरु तत्काल खरिद गर्नुपर्ने भएकोले उक्त सामग्री आपूर्ति गर्न इज्जाजत प्राप्त व्यक्ति, फर्म, संस्था वा कम्पनीले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले ३ (तिन) दिनको कार्यालय समय भित्र नगरपालिकाको स्वास्थ्य शाखामा रु.११०/- तिरी निम्न लिखित शर्तका अधिनमा रही सिलबन्दी रुपमा दररेट पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

१) सिलबन्दी दररेट पेश गर्दा २०७८ असार मसान्त सम्मको नविकरण गरेको कम्पनी वा फर्म दर्ता प्रमाण पत्र, मु.अ.क. (VAT), स्थायी लेखा नम्बर (PAN) दर्ताको प्रमाण पत्र, आ.व.२०७६/७७ सम्मको कर चुक्ता प्रमाण पत्रका साथै प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझेको र सम्बन्धित पेसा व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको भनी लिखित रुपमा गरेको स्वघोषणा पत्र समेत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

२) सामग्रीको दररेट पेश गर्दा सोको स्पेसिफिकेशन सहित प्रति इकाई दररेट पेश गर्नुपर्नेछ । स्पेसिफिकेशन बमोजिमको सामग्रीको न्यूनतम दररेट स्वीकृत गरी खरिद गरिनेछ ।

३) प्रस्तावमा अंक र अक्षर दुवैमा नेपाली मुद्रामा दररेट उल्लेख गर्नुपर्नेछ र उक्त प्रस्तावमा आधिकारिक दस्तखत र छाप अनिवार्य हुनुपर्नेछ । दररेट पेश गर्दा यस्तै प्रकृतिका सामग्रीहरु अन्य संस्थामा आपूर्ति गरेको भए सोको प्रमाण समेत पेश गर्नु पर्नेछ ।

४) यो सूचना प्रकाशन भएको तेस्रो दिनको १२:०० बजे समयभित्र पेश भएका दररेटहरु सोही दिनको विहान २:०० बजे देखी प्रस्तावदाता वा निजको प्रतिनिधिहरुको रहोवरमा कीर्तिपुर नगरपालिकामा खोलिनेछ । प्रस्तावदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभए पनि प्रस्ताव खोल्न वाधा पर्नेछैन ।

५) आपूर्ति गरिने सामान गुणस्तर मापदण्ड पुरा गरेको हुनुपर्नेछ ।

६) सामानहरुको दररेट प्रस्ताव गर्दा यस सूचना बमोजिमको पूर्ण प्याकेजमा पेश गर्नुपर्नेछ र पेश भएका दररेट पुर्णरुपमा स्वीकृत वा अस्विकृत गर्ने अधिकार कार्यालयमा निहित रहनेछ ।

७) सूचनामा उल्लेख भएका सामानहरु नगरपालिकालाई तत्काल आवश्यक पर्ने भएकोले माग गरेको बखत तुरुन्त उपलब्ध गराउनु पर्नेछ ।

८) यो सूचनामा उल्लेख भएका कुराहरुको हकमा यसै सूचना बमोजिम र यसमा नपरेका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ एवम् अन्य प्रचलित कानून अनुसार हुनेछ ।

९) अन्य थप केही कुराहरु बुझ्न परेमा यस नगर कार्यपालिकाको कार्यालय, कार्यालय समय भित्र कार्यालयको फोन नं. ०१-३३१६९३, ०१-४३३१८०५ वा ईमेल ठेगाना ict.munkirtipur@gmail.com, kirtipurhealthunit@gmail.com वा वेवसाईट www.kirtipurmun.gov.np मा सम्पर्क गर्न सकिनेछ ।

१०) तोकिएको मितिमा विदा परेमा विदाको भोलिपल्ट (कार्यालय खुलेको दिन) सिलबन्दी दररेट फाराम खरीद गर्ने, पेश गर्ने तथा खोल्ने कार्य हुनेछ ।

११) दररेट पेश गर्ने फारमको ढाँचा :

| सि.न. | सामानको विवरण | परिमाण | स्पेशिफिकेसन | प्रति ईकाई मुल्य | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | अंकमा | अक्षरमा | |
| | | | | | | |
| | | | | | | |

**आपूर्ति गर्नुपर्ने सामानहरुको विवरण :**

| क्र.सं. | सामानको नाम | परिमाण | स्पेसिफिकेशन | कैफियत |
|---|---|---|---|---|
| 1 | High flow Oxygen therapy system 80 ltr/min | 1 | Genune | |
| 2 | Oxygen Cylinder 20 ltr with filled oxygen | 12 | Genune | |
| 3 | Oxygen regulator | 12 | Genune | |